दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १६१ | बुटवल | २०८३ जेठ २९ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday Jun 12, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पु¥याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

## प्रदर्शनीमार्गमा नाराजुलुस नगर्न आदेश



बुटवल । सर्वोच्च अदालतले शैक्षिक संस्था एवं अस्पतालहरूको रहेको प्रदर्शनीमार्गमा सार्वजनिक बाटो अवरोध हुने गरी कुनै पनि सभा, भेला, आन्दोलन, नाराजुलुस, प्रदर्शनलगायतका कार्यक्रम नगर्न आदेश जारी गरेको छ ।

नियमित रुपमा हुने, भेला, आन्दोलन, नाराजुलुसलगायतले आफूहरुको पठनपाठनमा बाधा भएको भन्दै नेपाल ल क्याम्पसका विद्यार्थी विवेक चौधरीले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए । न्यायाधीशहरु मनोजकुमार शर्मा र सुनिलकुमार पोखरेलको इजलासले २३ पुस, २०८२ मा प्रदर्शनीमार्गमा पठनपाठनमा बाधा हुने गरी कुनै पनि क्रियाकलाप नगर्न निर्देशनात्मक आदेश जारी गरेको हो । सर्वोच्च अदालतले फैसलाको पूर्णपाठ बिहीबार सार्वजनिक गरेको हो ।

सर्वोच्च अदालतले अरु ठाँउमा समेत कार्यक्रम गर्दा शैक्षिक संस्था, अस्पताललगायतका ठाउँमा ध्वनी तथा वायु प्रदूषण नहुने सुरक्षाका उपायहरू अवलम्बन गर्न आदेश दिएको छ ।

प्रदर्शनी मार्गमा वरपर दुई विश्वविद्यालयका चार आंगिक क्याम्पसहरू छन् । नेपाल विश्वभाषा क्याम्पस, नेपाल ल क्याम्पस, रत्नराज्य लक्ष्मी क्याम्पस र बाल्मिकी क्याम्पस र पदमोदय माविको पठनपाठन अवरुद्ध हुने भएपनि सर्वोच्चले प्रदर्शन र ध्वनी प्रदूषण हुने क्रियाकलापमा रोक लगाएको हो । त्यसबाहेक काठमाडौं मोडेल अस्पताल र नेपाल रेडक्रसको रक्तसञ्चार केन्द्र समेत प्रदर्शनीमार्गमै पर्छन् ।

सर्वोच्च अदालतले समाजकल्याण परिषद्को स्वामित्वमा रहेको भृकुटीमण्डपस्थित प्रदर्शनीस्थलमा सीमित प्रकृतिका क्रियाकलाप मात्रै गर्ने अनुमति दिनू भनी आदेश दिएको छ ।

उक्त प्रदर्शनीस्थलमा सामाजिक, व्यवसायिक, शैक्षिक, बौद्धिक, साँस्कृतिक तथा पुरातात्विक प्रकृतिका भेला प्रदर्शनीबाहेक अरु सभा सम्मेलनका लागि प्रदर्शनीस्थल भाडामा नदिनू भनी आदेश जारी गरेको हो । भृकुटीमण्डपको प्रदर्शनीस्थलमा विभिन्न राजनीतिक कार्यक्रम समेत आयोजना हुन्थ्यो । सर्वोच्च अदालतले त्यसमा रोक लगाउन आदेश दिएको हो ।

## कक्षा १२ को नतिजा असार १० भित्र

बुटवल । राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसएलसीई) कक्षा १२ को नतिजा आगमी असार १० गतेभित्र सार्वजनिक गर्ने तयारी गरेको छ ।

'उत्तरपुस्तिकाको सम्परीक्षण सकेर टेबुलेसनको काम भइरहेको छ । १० गतेभित्र नतिजा सार्वजनिक हुन्छ ।'- परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले भने ।

सरकारले ४५ दिनभित्र नतिजा सार्वजनिक गर्न निर्देशन दिएको छ । सोहीअनुसार कर्मचारीले काम गरिरहेका छन् । '४५ दिनभन्दा अगाडि नै नतिजा आउँछ ।'- उनले भने । यसअघि माध्यमिक शिक्षा परीक्षा (एसईई)को नतिजा २९ दिनमै सार्वजनिक गरिएको थियो ।

एसएसलीईको परीक्षा गत बैशाख १४ गतेदेखि २७ गतेसम्म सञ्चालन भएको थियो । परीक्षाका लागि ४ लाख १८ हजार ८ परीक्षार्थीहरूले फारम भरेका थिए । नियमिततर्फ ३ लाख ३२ हजार १७८ (जसमध्ये छात्र १ लाख ७२ हजार १२ छात्रा १ लाख ६० हजार १३७ र अन्य २९) तथा आंशिकतर्फ ८५ हजार ८३० विद्यार्थी थिए । नेपालभर १४२० र जापानमा एकसमेत गरी कूल १४२१ परीक्षा केन्द्रबाट परीक्षा भएको थियो ।

## दीपक भट्टसहित चार जनाविरुद्ध मुद्दा दायर

बुटवल । व्यवसायी दीपक भट्ट, सुलभ अग्रवाल, शाहिल अग्रवाल र शंकरलाल अग्रवालविरुद्ध बैंकिङ कसुरको मुद्दा दायर भएको छ ।

उनीहरूविरुद्ध उच्च अदालत पाटन, ललितपुरमा मुद्दा दायर भएको छ । अदालतमा दायर भएको अभियोगपत्रअनुसार उनीहरूविरुद्ध ४२ करोड १४ लाख ८८ हजार ८०७ रुपैयाँ बिगो मागदाबी गरिएको छ ।

उनीहरूले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ८ ले निषेध गरेको कसुर गरेको दाबी गर्दै मुद्दा दायर भएको छ । उनीहरू मध्ये दीपक र सुलभलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले पक्राउ गरेको थियो । अहिले पनि उनीहरू हिरासतमै छन् ।

यसका साथै दीपक र सुलभविरुद्ध सम्पत्ति शुद्धीकरणको छुट्टै मुद्दा पनि अनुसन्धान भइरहेको छ । उनीहरूले जगदम्बा स्टिल्सका सञ्चालक अध्यक्ष शाहिल अग्रवाल, कम्पनीका खाताका हस्ताक्षरकर्ता सञ्चालक सुलभ अग्रवाल र दीपक भट्टले आपसी मिलेमतोमा जगदम्बा स्टील्सको कम्पनी सञ्चालनका नेपाल इन्भेष्टमेन्ट मेघा बैंकको अगुवाइमा सहवित्तीयकरण बैंकहरू प्राप्त गरेको र चालु पुँजी र अल्पकालीन कर्जालाई योजनाबद्ध रूपमा दुरुपयोग गरी दीपक भट्टको एकल स्वामित्वमा रहेको इन्फिनिटी होल्डिङ प्रालि समेतको नाममा शेयर लगानी गरी कर्जा दुरुपयोग गरेको बताइएको छ । रकमको वास्तविक स्रोत र वास्तविक धनी लुकाउन अग्रवाल परिवारका विभिन्न सदस्यहरूका बैंक खाताहरू प्रयोग गरी जटिल तहकीकरण गरिएको दाबी गरिएको छ ।

### सत्ता पक्षकै सांसदको चर्को असन्तुष्टी :

# बजेटले गरिब जनतालाई छोएन

**लुम्बिनी संवाददाता**

*बुटवल*





प्रतिनिधिसभामा सुरु भएको बजेटमाथिका छलफलमा रास्वपाका सांसद डा. अमरेशकुमार सिंहले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेप्रति कटाक्ष गरेका छन् । उनले कार्यान्वयन नहुने खालको बजेट ल्याएको भन्दै यसले गरिब जनतालाई नछोएको टिप्पणी गरेका हुन् ।

उनले बूढानीलकण्ठ विद्यालयमा पढेका अर्थमन्त्रीले संविधानले दिएको स्वास्थ्य र शिक्षाको हक पाउने नागरिकमाथि कर थोपरेको भन्दै आपत्ति जनाए ।

'यो बजेटमा केही राम्रा पक्षहरू पनि छन्; जस्तै व्यक्तिगत आयकरको सीमा बढेको छ, नयाँ स्टार्टअपको कुरा गरिएको छ र आईटी क्षेत्र समेटिएको छ । तर, अर्थमन्त्रीलाई एउटा पुरानो सांसदको नाताले केही कुरामा आग्रह गर्न चाहन्छु यो बजेटबाट नेपालको कति प्रतिशत जनसंख्या खुसी भयो ? बैंकर खुसी भए भनिन्छ, तर बैंकमा त्यत्रो निक्षेप किन जम्मा भइरहेको छ ? किनकि कसैले ऋण लिने अवस्था छैन र आजको दिनमा यहाँ व्यापार गर्ने वातावरण नै छैन । यहाँ डरको माहोल छ । डरले शासन चल्ला, तर डरले विकास हुँदैन,' सांसद अमरेशले भने-'शिक्षा र स्वास्थ्यमा कर लगाउनु संविधानको विपरीत हो । म संविधानको कुरा गर्न आएको हुँ, किनकि म संविधानको हस्ताक्षरकर्ता हुँ । यहाँ केही माननीयहरू मात्र हुनुहोला संविधानको हस्ताक्षरकर्ता, तीमध्ये म पनि एक हुँ । संविधानमा शिक्षा मौलिक अधिकार हो, त्यसैले मौलिक अधिकारमा ट्याक्स (कर) लगाउन पाइँदैन । त्यो ट्याक्स विद्यालयमाथि मात्र लागेको छैन, प्राइभेट विद्यालय वा प्राइभेट अस्पतालका माध्यमबाट त्यहाँ पढ्ने विद्यार्थीमाथि लगाइएको छ । पहिले सार्वजनिक विद्यालय मजबुत पारौँ न, तर त्यसतर्फ कतै पनि पाइला चालिएको देखिएन ।'

सांसद सिंहले अर्थमन्त्री वाग्लेसंग कम्तीमा सातवटै प्रदेशमा सातवटा बूढानीलकण्ठ जस्तै स्कुल बन्ने र जसले गर्दा अर्थमन्त्रीहरु जस्तै नेतृत्वमा आउने आगामी पुस्ताका विद्यार्थी पैदा हुन सक्ने आशा गरेपनि बजेटमा कतै पनि नभेटिंदा पीडा भएको सिंहले गुनासो गरे । 'पीडा यो पनि छ कि मेरो क्षेत्र किसान र गरिबहरूको मात्र क्षेत्र हो । त्यहाँ कुनै बजार छैन, कुनै शहर छैन । त्यहाँ खेतमा किसानले ५ रुपैयाँमा तरकारी फलाएर बेच्छ, तर त्यही तरकारी काठमाडौँका उपभोक्ताले प्रतिकिलो ५० रुपैयाँमा पाउँछन् । त्यो किसानले कसरी कम्तीमा २० देखि ३० रुपैयाँसम्म पाउने भन्ने व्यवस्था यो बजेटमा कतै देखिएन,' सिंहले भने-'अहिलेको आधुनिक विश्वका सामु जम्मा दुईवटा चुनौती छन् । पहिलो चुनौती बेरोजगारी हो । एआई र आईटीको विकास मानव सभ्यताका लागि एक तरिकाले चुनौती पनि बन्दै छ कि यसले मान्छेलाई बेरोजगार बनाउँदै लैजान्छ । ती युवालाई हामीले रोजगारी दिने कि नदिने ? किनकि 'जेनजी' आन्दोलन युवाहरूको विद्रोह हो । यदि हामीले युवालाई रोजगारी दिन सकेनौँ भने समस्या आउँछ, तर यो बजेटमा युवालाई रोजगारी दिने कति ठाउँ देखियो र ?'

सांसद सिंहले नेपालको सबैभन्दा ठूलो रोग र समस्या भनेको उत्पादन नहुनु र व्यापार घाटा धेरै हुनु भएको भन्दै उनले गरिबका लागि महँगी धेरै बढेको हुँदा बजेटबाट गरिबले के पायो ? भन्ने प्रश्न गरे । 'कर्मचारीले त २०-२१ प्रतिशत तलब वृद्धि पायो होला, पहिला १० प्रतिशत थियो र त्यसमा थपिएर २१ प्रतिशत पायो । तर ३ करोड जनसंख्यामा कर्मचारी कति लाख छन् र ? मेरो चिन्ता मुसहर बस्ती, दलित बस्ती र चेपाङ बस्तीमा छ । जुम्लाको स्याउलाई कसरी प्रवर्द्धन गर्ने भन्नेमा छ । आजको दिनमा जमिन बाँझो छ र देश वैदेशिक रोजगार तथा रेमिट्यान्सको भरमा मात्र चलिरहेको छ,' सांसद सिंहले भने-'दक्षिण एसियामा यस्तो कुनै देशै छैन, जहाँ जीडीपीको ३२ देखि ३३ प्रतिशतको बजेट बनाइन्छ । यो आफैँमा एउटा ठूलो फुकिएको बेलुन हो । फुकिएको बेलुन लामो समयसम्म टिक्दैन । यो बजेट कार्यान्वयन हुन्छ भन्ने मलाई विश्वास छैन, अरू साथीहरूलाई विश्वास होला । झन्डै ७ खर्ब रुपैयाँ त बजेटको घाटा (डेफिसिट) नै हो ।'

अर्थमन्त्रीले खुल्ला रूपमा बजेट भाषणमा साढे २ खर्ब आन्तरिक ऋण लिने र जसमा साढे १ खर्ब रुपैयाँ त साावाँ-ब्याज भुक्तानी (रिपेमेन्ट) मा जाने बताएको भन्दै उनले यसको अर्थ पुरानो ऋण तिर्नका लागि मात्र ऋण लिइँदै छ, विकासका लागि होइन भन्ने पुष्टी हुने बताए ।

'जुन देशमा पुँजीगत खर्च २० प्रतिशत मात्र हुन्छ, जहाँ विकास खर्च नै हुँदैन, त्यो देशलाई भगवानले मात्र बचाउन सक्छन् । पुँजीगत खर्च भए मात्र त्यहाँ रोजगारी सिर्जना हुन्छ, लगानी भित्रिन्छ र देश समृद्धिको बाटोमा अगाडि बढ्छ । यो एउटा सामान्य नागरिक लेम्यानले पनि बुझ्छ, तर म जस्तो एउटा अनुभवी सांसदले यो बुझ्न सकेको छैन, यस्ता कुरा मैले विगत २० वर्षदेखि सुन्दै आएको छु । हरेक अर्थमन्त्रीलाई लाग्छ कि बजेट आएको भोलिपल्टै नेपालको कायापलट हुन्छ; भोलिपल्टै नेपाल सिङ्गापुर, अमेरिका, दक्षिण कोरिया, दुबई, जापान बन्छ । तर परिणाम 'ढकको तीन पात' जस्तै छ र हरेक साल ऋण मात्र थपिँदै गइरहेको छ ।'

प्रतिपक्ष दल नेकपा एमालेले सरकारको आगामी आर्थिक वर्षको बजेटले गरिबलाई छुन नसकेको टिप्पणी गरेको छ । बिहीबार प्रतिनिधिसभा बैठकमा बजेटमाथिको सामान्य छलफलमा भाग लिँदै एमाले संसदीय दलकी उपनेता पद्मा अर्यालले उक्त टिप्पणी गरेकी हुन् । उनले बजेटमा निमुखा वर्गलाई माथि उकास्ने, उनीहरूको चुल्होमा सधैँ आगो बल्ने, अनुहारमा मुस्कान ल्याउने ठोस कार्यक्रमको अभाव खडकिएको पनि बताइन् ।

उप-नेता अर्यालले सरकारको बजेटले गरिबलाई झनै गरिब बनाउने र धनीलाई झनै धनी बनाउने नीति लिएको भन्दै आपत्ति जनाइन् । उनले भनिन्-'बजेटले गरिबीलाई छोएन । सिंगो बजेट वक्तव्यमा गरिबी भन्ने शब्दको उचित सम्बोधन छैन । सरकार भन्छ-मध्यम वर्गको विकास गर्ने । यसमा केही भन्नु छैन । तर यसको लक्ष्य कसरी हासिल गर्न सकिन्छ ?'

उनले अगाडि थपिन्-'२० प्रतिशत निरपेक्ष गरिबीको रेखामुनि रहेका तल्लो वर्गका नागरिकलाई माथि नउठाइकन माथिल्लो वर्गको आकार कसरी ठूलो हुन्छ ? जगलाई कमजोर राखेर तला थप्ने कुरा कत्तिको वैज्ञानिक हो ? यो बजेटले तल्लो वर्गलाई तलै राख्ने, माथिल्लो वर्गलाई झन् माथि लैजाने नीति लिएको देखिन्छ । त्यसैले यो हुनेखाने र हुँदा खानेबिचको वर्गीय खाडल झन फराकिलो बनाउने बजेट हो । मध्यम वर्गको आकार त्यत्तिकै फराकिलो हुँदैन । यसका लागि तल्लो स्तरको आय बढ्नुपर्‍यो ।' उप-नेता अर्यालले सरकारले लिएको मध्यम वर्गलाई उकास्न पनि बजेटले गरिब वर्गको उत्थानमा केन्द्रित हुनुपर्ने तथ्य पनि स्मरण गराइन् ।

**अर्थमन्त्रीले विपक्षीलाई दिए फाइल खोल्ने चेतावनी**

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आफूमाथि औँलो ठड्याउनेहरूलाई पनि नैतिक उचाइ कायम राख्न चुनौती दिएका छन् । बिहीबार प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले प्रश्न उठाउने सांसदहरूका पुराना काण्डहरू समेत सार्वजनिक हुने चेतावनी दिएका हुन् ।

उनले आफ्नो बारेमा प्रश्न उठाउने सांसदहरूलाई 'तपाईंहरुको पनि काण्डहरू थाहा नभएको हो र ?' भन्दै प्रश्न समेत गरे ।

अर्थमन्त्री वाग्लेले आफूमाथि लागेका भ्रष्टाचारका आरोपहरूको प्रतिवाद गर्दै अनियमितता प्रमाणित भए पद त्याग गर्ने घोषणा गरे ।

अर्थ मन्त्रालयमा बसेर करका दरमार्फत निश्चित व्यापारीलाई पोसेको भन्ने आरोपको खण्डन गर्दै उनले आफूमाथि लागेको २ अर्बको आशङ्का निराधार रहेको दाबी गरे ।

'मैले सार्वजनिक लेखा समितिमा पनि भनेँ, एक-दुईवटा खोस्टाहरूले २ अर्बको आशंका इत्यादि भनेर लेखे । तर २ अर्ब होइन, २ रुपैयाँको बदमासी वा बेइमानी मबाट भएको छ भने म मन्त्री पद त्यागिदिन्छु । सार्वजनिक जीवन नै त्याग्न पनि म तयार छु' उनले भने-'मप्रति औँलो ठड्याउने माननीयज्यूहरूलाई पनि प्राप्त होस्, शुभकामना छ । तपाईंका काण्डका बारेमा हामी अनभिज्ञ छैनौं, ती पनि खुल्नेछन् ।'

उनले सार्वजनिक लेखा समितिमा समेत आफूविरुद्ध आएका समाचारहरूको खण्डन गरेको उल्लेख गर्दै जनताले सुशासनका लागि दिएको मतको अपमान नगर्ने दाबी पनि गरे । वाग्लेले कम्युनिस्ट पार्टीले ल्याएको नभएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले ल्याएको कार्यक्रम भएकाले फरक रहेको जिकिर गरेका छन् ।

प्रतिनिधिसभाको बैठकमा राजस्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलका क्रममा सांसदले उठाएका प्रश्नको उत्तर दिने क्रममा अर्थमन्त्री डा. वाग्लेले गरिबी घटाउने र श्रमिकलाई सुरक्षित रोजगारी सिर्जना गर्ने गरी बजेट ल्याएको बताए । उनले मध्यम वर्ग आउने बितिक्कै 'बायस' नहुने आग्रह गरे ।

» बाँकी ३ पेजमा

## 'झोले व्यापारी'को दबाबमा फर्निचर उद्योग

### कर तिर्ने उद्योगी संरक्षणको माग गर्दै रूपन्देहीमा चर्कियो बहस ।



बुटवल । कानुनी रूपमा उद्योग दर्ता गरेर कर तिर्ने व्यवसायीहरू बजारमा टिक्न संघर्ष गरिरहेका बेला बिना दर्ता घर-घरमा पुगेर काम गर्ने 'झोले व्यापारी' र मोबाइल मिस्त्रीका कारण फर्निचर उद्योग संकटमा परेको उद्योगीहरूले बताएका छन् ।

यही विषयलाई केन्द्रमा राख्दै फर्निचर उद्योग संघ रुपन्देहीले आयोजना गरेको "स्थानीय स्तरमा फर्निचर उद्योगको सम्भावना, अवसर र चुनौती" विषयक बहस गोष्ठीमा स्वदेशी उद्योग संरक्षण, अवैध कारोबार नियन्त्रण र प्रभावकारी अनुगमनको आवश्यकता जोडदार रूपमा उठेको हो ।

फर्निचर उद्योग संघ रुपन्देहीका अध्यक्ष जीवकान्त काफ्लेले कार्यपत्र प्रस्तुत गर्दै रुपन्देहीमा ९७५ वटा फर्निचर उद्योग दर्ता भए पनि तीमध्ये कति सञ्चालनमा छन् भन्ने यकिन तथ्यांक सरकारी निकायसँग नभएको उल्लेख गरे ।

उनका अनुसार छिमेकी मुलुकबाट आएका तथा दर्ताविहीन मोबाइल मिस्त्रीहरूले आधुनिक उपकरण प्रयोग गरी घर-घरमा पुगेर काम गरिरहेका छन् । न कर, न दर्ता, न कुनै नियमनको दायरामा रहेका यस्ता समूहका कारण राज्यले राजस्व गुमाउनुका साथै वैधानिक रूपमा सञ्चालन भएका उद्योगहरू प्रत्यक्ष प्रभावित भएका छन् । रिपेयर सेन्टरको नाममा अनुमति लिएर नयाँ फर्निचर उत्पादन गर्ने प्रवृत्तिले पनि बजारलाई थप विकृत बनाएको उनको भनाइ थियो ।

"कर तिर्ने उद्योगी र बिना दर्ता कारोबार गर्नेबिचको प्रतिस्पर्धा समान हुन सक्दैन," काफ्लेले भने-"उद्योग सञ्चालन गर्नेले कर, भाडा, कर्मचारी, विद्युत् र कानुनी प्रक्रिया पूरा गर्नुपर्छ, तर झोले व्यापारीले कुनै दायित्व बिना बजार कब्जा गरिरहेका छन् ।"

कार्यक्रमका प्रमुख अतिथि तथा बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले कर तिर्ने र कानुनी रूपमा सञ्चालन भएका उद्योगहरूको संरक्षण स्थानीय सरकारको दायित्व भएको बताए ।

» बाँकी ३ पेजमा

नगरवासीहरूमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचविखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्न भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण खाँण
नगर प्रमुख

वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, वालिङ् स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

# सम्पादकीय

## सामाजिक सञ्जालको बन्धनमा समाज

दिनभर व्यवसायिक र पेशागत कामले घर बाहिर रहेका पति-पत्नी हुन् वा बाबु-छोरा वा परिवारका अरु कोही । परिवारका सदस्य घरमा आएपछि व्यवसायिक र पेशागत कामकाजका कुरा, घरपरिवार, छरछिमेक र आफन्तजनका कुरा हुनुपर्ने हो । अचेल परिवारका सदस्यबिचमा पेशागत र व्यवसायिक मात्रै होइन्, परिवार र आफन्तका बारेमा सोधखोज कुराकानी हुन छाडेको छ। परिवारका जो कोही घरमा आउने बित्तिकै हतार-हतार कपडा फेऱ्यो, हातखुट्टा धोएर बस्यो अनि वाइफाई जोडेर स्मार्ट फोनमा सामाजिक सञ्जाल चलाएर बस्ने प्रवृत्ति बढ्दै जाँदा एक आपसमा कुराकानी हुनै छाडेको छ । छोराछोरी विद्यालयबाट फर्केपछि घरमा झोला बिसाउन नपाउँदै मोबाइल चलाउँछन् । खाजा खाना खाँदा मोबाइलमा विभिन्न कमेडी, कार्टुन र अरु गतिविधि हेर्नै पर्ने अवस्थाले उनीहरुको दैनिकी बिथोलिदिएको छ।

स्मार्टफोनको विकास र सामाजिक सञ्जाल सूचना प्रवाहको प्रमुख माध्यमको रुपमा विकास हुँदै जाँदा नेपाली समाजलाई नराम्ररी गाँजेको छ। सामाजिक सञ्जालको प्रयोगले कतिपय राम्रा काम भएका छन्, विपदमा परेकालाई उद्दार र राहत, राजनैतिक र सामाजिक अभियान चलाउन प्रभावकारी भएको देखिन्छ। तर यो प्रभावकारिताभन्दा बढी पारिवारिक वातावरण बिथोलिदिएको छ। परिवारका सदस्यहरु एकैठाउँ बस्दा आ-आफ्नै मोबाइलको स्क्रिनमा व्यस्त हुने प्रवृत्तिले समाजमा मान्छेलाई एक्लो बनाएको छ । संवादविहीनताको अवस्थाले आपसमा समझदारी र समन्वयको वातावरण धुमिलिएको छ।

विश्व स्वास्थ्य संगठनका अनुसार, विश्वमा करिब २८ करोड मानिसले मानसिक समस्या झेलिरहेका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अध्ययन अनुसार, नेपालमा नसर्ने रोगहरूमध्ये १८ प्रतिशत हिस्सा मानसिक रोगको छ। कोभिडअघि नै मन्त्रालयको तथ्यांकमा २ लाख ६५ हजार मानिसमा कुनै न कुनै किसिमको मानसिक समस्या भेटिने गरेको थियो। कोभिडका कारण यो संख्या बढे पनि तथ्यांक आइसकेको छैन। राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण नेपाल, २०७७ अनुसार, नेपालमा १३ देखि १७ वर्षका ५ दशमलव २ प्रतिशत किशोर-किशोरीमा मानसिक स्वास्थ्य समस्या देखिएको छ। विश्वभर लगभग २० प्रतिशत बालबालिका तथा किशोर-किशोरीमा भावनात्मक, व्यवहारिक तथा अन्यखाले मानसिक स्वास्थ्य समस्या भएको अध्ययनहरूले देखाएका छन् । स्मार्ट फोनको अत्याधिक प्रयोगले नेपाली समाजलाई अझै धेरै बिथोलेको सहजै अनुमान गर्न सकिन्छ।

सामाजिक सञ्जालमा विचारभन्दा बढी छटपटी देखिन्छ। सामाजिक सञ्जालमा सहानुभूति र ढाडस दिनेभन्दा मजाक र खिसिट्युरी गर्ने बढ्न थालेका छन् । अझ अरुको धारणा चित्त नबुझे अश्लिल गालीगलौज गर्ने भेटिन्छन् । प्रविधिले समाजलाई झनै नजिक गराउनुपर्ने हो, तर अहिले समाजमा अपत्यारिलो ढंगले खाडल बढ्न लागेको छ। अरुका विचार र धारणा चित्त नबुझे शालिन ढंगले विरोध गर्न सकिन्छ, तर त्यसो नगरी उग्र र अराजक ढंगलको असहमति र अश्लिल गालीगलौजले नेपाली समाजलाई कता लैजाँदैछ ? जातीय, लैंगिक र धर्मको विषयलाई ख्यालठट्टा र मजाक बनाउनु तथा असहिष्णु बन्नुले सामाजिक एकता र सद्भावमा खलल् पुऱ्याएको छ । नेपालको बहुजातीय र बहुभाषिक समाज आपसमा सद्भावपूर्ण ढंगले मिलेर बसेको अनुकरणीय समाज हो । समझदारीका साथ खुशीले बाँचेको समाजमा अहिले असहिष्णुता र अराजकताको आगो बल्ने माध्यम स्मार्ट फोन र सामाजिक सञ्जाल बन्दैछ।

सामाजिक सञ्जालको बन्धनबाट समाजलाई बाहिर निकालेर सद्भाव, एकता, भाइचारा र पारिवारिक मेलमिलाप तथा स्नेहको वातावरण बनाउन पहलकदमी लिनुपर्छ। डिजिटल साक्षरता बढाएर अनावश्यक ढंगले सञ्जाल चलाएर समय खर्च गर्ने होइन्, यो हाम्रो मस्तिष्कको बोझ हुँदै हो, परिवार र समाजको बोझ हो भन्ने बुझाईलाई विस्तार गर्न सक्दा मात्रै नेपाली समाजको मौलिकता जोगिन सक्छ। समाजलाई अँध्यारो मार्गमा जानबाट रोक्न सकिन्छ।

# सेयर बजारमा ८.१४ अंकको गिरावट



काठमाडौँ । बिहीबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य गिरावट आएको छ। नेप्से परिसूचक ८.१४ अंकले घटेर २७२८.०३ विन्दुमा पुगेर बन्द भएको हो।

बजारमा ३५० वटा कम्पनीका ९२ लाख ३१ हजार २१६ कित्ता सेयर ५८ हजार ३९१ पटक खरिदबिक्री हुँदा कूल ३ अर्ब ९० करोड ६२ लाख ४४ हजार ८९४ रुपैयाँ बराबरको कारोबार भएको छ । कारोबारमा ८२ वटा कम्पनीको सेयर मूल्य बढेको छ भने १७८ वटा कम्पनीको मूल्यमा गिरावट आएको छ । १३ वटा कम्पनीको सेयर मूल्य भने स्थिर रहेको छ।

सर्वाधिक कमाउने कम्पनीहरूमा सोपान फर्मास्युटिकल्स र एपोलो हाइड्रोपावर रहेका छन् । सोपानको सेयर मूल्य १५ प्रतिशतले बढेर ४६२.४० पुगेको छ भने एपोलोको मूल्य १४.९७ प्रतिशतले बढेर ३९६.२० पुगेको छ। यस्तै बोटलर्स नेपालको मूल्य ८.३३ प्रतिशतले बढेर प्रतिकित्ता १५६०० रुपैयाँ पुगेको छ।

कारोबार रकमका आधारमा सिटी होटल लिमिटेड शीर्ष स्थानमा रह्यो । यस कम्पनीको २३ करोड ६३ लाख ४३ हजार ५८८ रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । त्यस्तै सेन्ट्रल फाइनान्सको १७ करोड ५६ लाख र बुंगल हाइड्रोपावरको १६ करोड ४५ लाख रुपैयाँ भन्दा बढीको कारोबार भएको छ।

# गाउँ-गाउँबाट उठ



विनबहादुर कुँवर

साास छउञ्जेल आश हुन्छ भने जस्तै नेपालले हुँदै नभएको भारतीय भूमि अतिक्रमण, बरु भारतले नै नेपालको भूमि अतिक्रमण गइरहेको छ । त्यसका लागि एउटा नेपाली गीत 'गाउँ-गाउँबाट उठ बस्ती बस्तीबाट उठ यो देशको मुहार हँसाउन', देशको राष्ट्रियता र स्वाभिमान बचाउन गाउँ-गाउँबाट उठ बस्ती बस्तीबाट उठ, हातमा लाठी हुनेले लाठी बोकेर उठ, हातमा हँसिया हथौडा खुडा, तरबार अनि बन्दुक हुनेले बन्दुक बोकी उठ, आवाज हुनेहरुले आवाज लिएर 'इन्क्लाव-जिन्दावाद' भनेर उठ ।

नेपालमा पटकपटक एकपछि अर्का नयाँनयाँ पार्टी नयाँ सरकारहरु बन्दै आएका छन् । २००७ सालपछि काँग्रेस त्यसपछि २०४७ मा एमाले अनि २०६४ पछि माओवादी र अहिले रास्वपा घण्टी पार्टी र त्यसको सरकार बनेको छ । तर यी कसैले पनि देश र जनताको हित अनुसार काम गरेनन् । खाली राष्ट्रघात र जनघात नै गर्दै आइरहेका छन् । कांग्रेसले २०१५ सालमा दुई तिहाई बहुमतकै सरकार बनायो । त्यसपछि उसले गण्डकी, कोशी नदी त्यत्तिकै भारतलाई सुम्पिएर ठूलो राष्ट्रघात गऱ्यो । यी नदी मात्रै होइन कांग्रेसले त आफ्नो सरकारको क्याविनेट अर्थात मन्त्री परिषदमा नै भारतीय प्रतिनिधि उपस्थित गराई त्यही अनुरुप हरेक सरकारी नीति कार्यक्रम र योजनाहरु नै बनाउने गऱ्यो । अझ भारतीय रक्षार्थ भन्दै भारतीय सेनालाई नेपालको उत्तरी सीमा चेकपोष्टमा तैनाथ गराउने काम भयो । यसरी नेपाली जनताको जनमतबाट बनेको दुई तिहाई बहुमत नेपाली कांग्रेस र त्यसको सरकारले देश र जनतामाथि ठूलो विश्वासघात र धोका दियो।

यही कांग्रेसी चरित्रलाई उदाङ्गो पार्दै तत्कालीन राजा महेन्द्रले २०१७ सालमा फौजी 'कु' गरी आफ्नो निरंकुश र तानाशाही शासन सत्ता देशमा स्थापना गर्न पुगे । तर उनको नेतृत्वमा पनि त्यस्तो कुनै स्थिति सुध्रिएन । निर्दलीयताको नाममा दलमाथि प्रतिबन्ध खाली आफ्नै गुनगान, भजनकृतन अनि पञ्च मण्डलेहरुको लुटान र रजाई मात्रै बढी भयो। वाक तथा प्रकाशन माथिको पूर्ण प्रतिबन्ध पुराना दल नेताहरुको गिरफ्तारी अनि जेल सजाय साथै कतिपयको हत्या र हिंसा नै बढी भयो। त्यसपछि २०४५/०४६ सालमा नेपाली जनता सडकमा उत्रिएर फेरि पुराना दल कांग्रेस-कम्युनिष्टहरुलाई साथ दिई पुनः नेपाल संसदीय र दलीय राज्य व्यवस्थाको थालनी भयो। दलीय प्रतिस्पर्धा र दलीय शासन अनुरुप कांग्रेस- एमालेले सरकार बनाउँदै आए । तर यी दुवै दलहरुले देश र जनताको हितभन्दा बढी राष्ट्रघात र जनघात नै गर्दै आए। गण्डक-कोशी नदीमा जस्तै यी दुवै दलहरुले पनि पश्चिम नेपालको महाकाली नदी सम्झौता गरी भारतलाई रिझाउने काम गरे।

तब यसको विकल्पमा २०५२ साल फागुन १ गतेदेखि तत्कालीन नेकपा (माओवादी) ले माओवादी जनयुद्धको थालनी गऱ्यो । पूर्व राजा वीरेन्द्रको वंशनाशपछि सत्तासीन बनेका राजा ज्ञानेन्द्रले २०१७ सालमा जस्तै तत्कालीन सत्ताधारी दल कांग्रेसलाई अपदस्त गरी आफ्नै नेतृत्वमा पुनः सत्ता सञ्चालन गर्न थाले । बल्ल फेरि कांग्रेस-एमालेको चेत खुल्यो तब मात्र तत्कालीन विद्रोही माओवादीसँग मिलेर २०६२।०६३ सालमा माओवादी जनविद्रोहको जगमा संयुक्त जनआन्दोलन गरी निरंकुश ज्ञानेन्द्रशाही शासन सत्ता हटाई पुनः देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । त्यसपछि सम्पन्न संविधानसभाको निर्वाचनमा जनताको बहुमत मत माओवादीलाई दिएर नयाँ सरकार बनायो । तर यसले पनि धेरै दिन सरकार सञ्चालन गर्न सकेन । एक प्रकारले फौजी 'कु' मा नै पऱ्यो।

यसरी पटक-पटक नेपाली जनताले एकपछि अर्को रुपमा नयाँ दलहरुलाई विश्वास गरी सरकारमा पुऱ्याए । सुरुमा कांग्रेस त्यसपछि एमाले अनि पछि माओवादीलाई जनताले विश्वास गरी सत्तामा पुऱ्याए । यतिसम्मकि २०१५ सालमा कांग्रेस नेतृत्वको दुई तिहाई बहुमत प्राप्त कांग्रेसी सरकार, त्यसपछि २०७९ मा एमाले माओवादी मिली बनेको करिब दुई तिहाई बहुमत प्राप्त नेकपाको सरकार अनि पछिल्लो दुई तिहाईभन्दा बढी प्राप्त कांग्रेस-एमालेको मिलीजुली सरकार भए पनि यी कसैले देश र जनताको हितमा खासै केही गर्न सकेनन् । आफू आफूको गुट-उपगुटको खिचातानी, खाली सत्ता र भत्ता अनि स्वार्थको खेती मात्रै बढी भयो। अन्ततः जेनजी विद्रोहको नाममा यी सबैलाई अपदस्त पारी अहिले करिब दुई तिहाई बहुमतको रास्वपा घण्टी पार्टीको सरकार बनेको छ। तर यो सरकार बनेको दिनदेखि नै यसका क्रियाकलापहरु पनि जनघाती र राष्ट्रघाती देखिँदै आएको छ।

सरकार बनेको लगत्तै सुकुम्वासीमाथि डोजर आतंक, विद्यार्थी युनियन र ट्रेड युनियनमाथिको प्रतिबन्ध निजी पत्रिकाहरुलाई दिने सरकारी विज्ञापनमाथिको खारेजी आदि जस्ता सरकारी निर्णयले हिजोको पञ्चायती निरंकुशताको र पछि ज्ञानेन्द्र कालीन निरंकुशताको झल्को देखियो। हुँदाहुँदा स्वयं प्रम बालेन साहले नै भारतीय भूमि नेपालले अतिक्रमण गरेको सदनको रोष्ट्रमबाट भनेपछि झन छर्लङ्ग भयो यो सरकार राष्ट्रघाती र राष्ट्रद्रोही पनि देखियो। धेरै पहिले कुनै एक अन्तर्वार्तामा रास्वपाका पूर्व महासचिव डा. मुकुल ढकालले उक्त पार्टीका अध्यक्ष रवि लामिछाने उपाध्यक्ष स्वर्णिम वाग्ले अनि हालका परराष्ट्र मन्त्री शिशिर खनाललाई उद्धृत गर्दै उनीहरुले नेपाललाई सिक्किम मोडेलमा लगेर भए पनि आफूहरु सत्तामा जानका लागि भारतीय सत्ता पक्षसँग आफूलाई कुरा गर्न भनेको बताएका थिए। ठीक उनको यो भनाइ अहिले एकपछि अर्को रुपमा मिल्दै जान थालेको छ।

हाम्रो जस्तो सार्वभौम सम्पन्न स्वतन्त्र मुलुकलाई कसैले बफर स्टेटको रुपमा भने कसैले वृज अर्थात् भारत-चीनबिचको पुलको रुपमा चित्रण गर्दै आइरहेका छन् । यति सम्मकि हालका अर्थ मन्त्रीले त नेपालमा सेना नै आवश्यक छैन भन्न समेत भ्याए । नभन्दै नेपाली सेनाको पनि त्यस्तै त्यस्तै भूमिका देखाउने गरेको छ । जस्तो गतसाल भाद्र २३ र २४ मा सिंहदरबार, सर्वोच्च अदालत प्रतिनिधिसभा, राष्ट्रपति कार्यालय र प्रधानमन्त्री निवास बालुवाटार आगजनी हुँदा त्यसको प्रतिकार नगरी रमिते बन्नु साथै हालै सुकुम्वासी हटाउने क्रममा प्रहरीले गर्नु पर्ने काम स्वयं सेनाद्वारा गरिनु यी कारणले अब नेपालमा सेनाको औचित्य अर्थमन्त्रीले भने जस्तै हराउँदै गएको आभास हुन थालेको छ।

वास्तवमा सेनाको मुख्य काम देशको सार्वभौम सत्ता र स्वाभिमानको सुरक्षा अनि विदेशी हस्तक्षेप र अतिक्रमणविरुद्ध लड्ने हो । तर यहाँ नेपाली सेना सुकुम्वासी लखेट्न जान्छ र उनीहरुको देशव्यापी अभिलेख संकलन गर्दै हिँडिरहेको छ । भौतिक पूर्वाधार निर्माण ठेक्का पट्टा अनि व्यापारमा सक्रिय छ । कालापानी, लिपुलेकमा भारतीय सेना परेड खेल्छ, सुस्तामा हाँकाहाँकी नेपाली सीमा भारतीय सेनाले अतिक्रमण गरिरहेको छ । तर नेपाली सेना त्यहाँ जान्दैन । रमिता हेरी मात्र बसिरहेको छ। अझ उल्टो प्रम बालेनले भन्छन्- नेपालले पनि धेरै ठाउँमा भारतीय भूमि मिचेको छ। यस्तो हुँदै नभएको कुरा गर्ने अझ देशको गरिमामय सदनको रोष्ट्रममा बोल्दा कमसेकम नेपालको सीमा कहाँ कति मिचिएको छ, त्यसको लेखाजोखा नक्सा नेपाली सेनालाई थाहा हुनु पर्ने हो किनकि राज्यमाथिको अतिक्रमण चाहे आफ्नो देशको होस् चाहे अरु बाहिरी देशको होस् त्यसको यथार्थ जानकारी सेनालाई हुन्छ र हुनै पर्ने हो । तर आजसम्म पनि यसमा नेपाली सेना मौन छ यसको अर्थ प्रम बालेन जे बोल्दै छन् त्यो सही छ। सीमा मिच्ने वा अतिक्रमण गर्ने काम सेनाको हो । यस अर्थमा भारतीय सीमा मिच्ने अतिक्रमणकारी नेपाली सेनामाथि त्यस्तो आरोप लगाइदै छ।

प्रम बालेनको यो भनाइले आम नेपालीहरुको शिर निहुँरिएको छ । विश्वव्यापी बदनाम भएको छ। नेपाली देशभक्त पहिलेका वीर सपुतहरुको गुन-पसिना खेर गएको छ । त्यस्तै वीर नेपाली सेनाको पुरानो ऐतिहासिक गाँथामाथि दाग लागेको छ । भारतीय मिडियाहरुले यसलाई बढाई चढाई गरी उल्टै नेपाललाई अतिक्रमणकारी भन्दै हाम्रो अतिक्रमण भूमि चाहियो भन्न थालेका छन् । एक भारतीय राजदूतले त हाम्रा प्रम बालेनलाई भन्नै नमिल्ने शब्दद्वारा अति बदनाम गरिरहेका छन् । भन्नेलाई भन्दा हामी सुन्नेलाई लाजश्रम भएको छ। अगुवा नै छेरुवा वा फन्टुस र ढोगी भएपछि के लाग्छ ? त्यस्ता भारतीयहरुको शब्दवाण अनि हाउभाउ सबै सुनी-हेरी बस्नुभन्दा अरु विकल्प नै छैन आम देशभक्त र स्वाभिमानी नेपालीहरुका लागि । तैपनि सास छउञ्जेल आश हुन्छ भने जस्तै नेपालले हुँदै नभएको भारतीय भूमि अतिक्रमण बरु भारतले नै नेपालको भूमि अतिक्रमण गइरहेको छ। त्यसका लागि एउटा नेपाली गीत 'गाउँ-गाउँबाट उठ बस्ती बस्तीबाट उठ यो देशको मुहार हँसाउन', देशको राष्ट्रियता र स्वाभिमान बचाउन गाउँ-गाउँबाट उठ बस्ती बस्तीबाट उठ, हातमा लाठी हुनेले लाठी बोकेर उठ, हातमा हँसिया हथौडा खुडा तरबार अनि बन्दुक हुनेले बन्दुक बोकी उठ, आवाज हुनेहरुले आवाज लिएर 'इन्क्लाव-जिन्दावाद' भनेर उठ ।

# पानी जिन्दगानी



तुल्सीराम पाण्डे

बिउ बिजनमा सुन पानी छर्केर शुद्ध गर्दछन् । पानी परेपछि बिउ उम्रन सुरु हुन्छ । पहिलेका लामा र वैद्यहरुले बिरामीलाई पानी मन्तरेर खान दिन्थे । कन्यादान गर्दा पनि लामो समय जलको धारा चुहाइरहन्छन् । बिरामीको लागि पाठो, कुखुरो, थाल वा भेटी उठाउन परेमा पानी पारेर बिरामीको टाउकोमा रिंगाएर राख्ने गर्दछन् ।

आजकाल लामो यात्रा गर्ने मानिसहरुले झोलामा या हातमा पानीको बोतल लिएर हिंड्दछन् । ६०/६५ सालसम्म पानी किनेर खाने चलन त्यति थिएन। मानिसहरुले होटलमा मागेर र पानी भएको ठाउँमा गाडी रोकेर पानी खान्थे । पैदल यात्रा गर्नेहरुले पनि एउटा घरमा पसेर पानी मागेर खान्थे । खोला, कुवा वा मूलको पानी खाएर हिँड्थे । गाउँको सिरानमा, पुछारमा र विद्यालयको नजिकै एक दुई गाग्री पानी माग्नेले नै खान्थे । सबैले खुसी भएर पानी खुवाउँथे । पानी खुवानुलाई धर्म मान्दथे । ५०/५५ सालसम्म पानीको अभाव भएका ठाउँमा चौपारीमा पानीको घैंटो राख्ने चलन थियो । घैंटोमा कुनै ठाउँमा एक्लै र कुनै ठाउँमा पालैसँग पानी भर्दथे । अक्षय तृतियाको दिनमा जौको सातु र खुदेपानी बाँड्दथे । गाउँको माझमा, वनको छेउमा, बाटामा र अरु आवश्यक ठाउँमा पोखरी खन्थे । पोखरीको पानी गाइबस्तु र चराले खान्थे । केटाकेटी र भैसीं पौड्न्थे । आगो लागि भएमा त्यही पानी गाग्रीमा बोकेर निभाउँथे । अरु घर गोठमा आगो लाग्न नदिन मानिसहरु भरी गाग्री लिएर धुरीमा उभिन्थे । आजकाल टीन लाउनाले आगोको डर कम भएको छ । पानी सुकेको समयमा सबै जम्मा भएर पोखरी सफा गर्थे । पानी नभएको ठाउँमा आगो लागेमा माटो र केराको मचेटाले आगो निभाउँथे ।

पृथ्वीमा ७० प्रतिशत भाग पानीले ढाकेको छ। त्यसमा तीन प्रतिशत पानी मात्र खानयोग्य छ । नेपालमा पाइने पानीका स्रोतहरुमा वर्षाको पानी, बलेनी, सपाउदे, ताल, कुवा, पोखरी, नदी, हिमनदी, मूल, इनार, चापाकल, कुलो, पाइपबाट ल्याउने हुन् । नेपालमा सबैले पानीको श्रोतलाई सम्मान गर्ने र पुजा गर्ने चलन छ । तराइमा इनार, खोला, नदीलाई पूजा गर्दछन् । पहाडमा पनि पानीको मूलमा नाग झाँक्रीको पूजा गर्दछन् । थानको वरिपरिको वन जोगाउने र सफा राख्ने गर्दछन् ।

पानीको मूलमा माछा पनि पाइन्छन् । मानिसले ठिक ढँगले पानी पिएमा ७० प्रतिशत रोगबाट बच्न सकिन्छ । वयस्क मानिसले बिहानै खाली पेटमा एक वा सवा लिटर पानी पिउने । खाना खाँदा पानी पिउने । १ गिलास पानी पिउन कम्तीमा पाँच मिनेट लगाएर चिया पिए जसरी पिउने । दिनमा कम्तीमा एक-एक घण्टाको फरकमा ४/५ पटक पानी नपिउने । नियम अनुसार पानी पिउनाले शरीरमा रहेको विषाक्त पदार्थ पिसाबबाट निस्कन्छ । शरीरका भित्री अंगहरु सफा हुन्छन् ।

माछा, गोही , सर्प ,गंगटा, विच्छी र भ्यागुता पानीमा बस्दछन् । तिर्थालुले ताल र नदीमा नुहाएर पाप पखाल्छन् । विभिन्न नदीका किनारहरुमा त्यहाँको हावापानी अनुसारको सभ्यता विकाश भएको छ । वर्षा कम हुनाले मरुभूमिको क्षेत्रफल बढ्दै गएको छ। यहाँ झै पानी पर्ने हो भने मरुभूमिमा पनि हराभरा हुन्थ्यो होला । मिश्रमा पानी नपरे पनि नाइल नदीको पानीले सिँचाइ गरेर खेती गर्दछन् । त्यहाँको कपास गुणस्तरमा प्रथम र विश्व प्रसिद्ध छ।

रजौटाको पालाको राज कुलो र रानी पोखरी अहिले पनि देख्न पाइन्छ। नेपालमा पानी नपर्नुलाई खडेरी भन्दछन् । २०७९ सालमा ठुलो खडेरी पऱ्यो । पहाडमा मुल फुटेनन् । सबैले धान रोप्न पाएनन् । ब्याड पसाए । कोदो, मकै पनि त्यतिकै सुक्यो । तराईको खेतमा धान रोपे पनि सुकेर धाँजा फाट्यो। केही ठाउँमा धान नपसाउने बुझेपछि पशुलाई हरियो खुवाउन धान काटे । खडेरी परेपछि अनिकाल, भोकमरी लाग्छ । घाँस पलाउँदैनन्, जनावर र चरा मर्छन् । मानिसले किनेर खान पाए पनि पशुपंक्षीहरुले आफ्नो वरपर जे पाइन्छ त्यसैमा गुजारा गर्दछन् । पानीबाट नै जीवनको सुरुवात हुन्छ। पानीलाई विश्वासको आधार मानिन्छ। बिउ बिजनमा सुन पानी छर्केर शुद्ध गर्दछन् । पानी परेपछि बिउ उम्रन सुरु हुन्छ। पहिलेका लामा र वैद्यहरुले बिरामीलाई पानी मन्तरेर खान दिन्थे । कन्यादान गर्दा पनि लामो समय जलको धारा चुहाइरहन्छन् । बिरामीको लागि पाठो, कुखुरो, थाल वा भेटी उठाउन परेमा पानी पारेर बिरामीको टाउकोमा रिंगाएर राख्ने गर्दछन् । कसैले पाठो कुखुरो किन्न खोजेमा फलानालाई पानी पारेर राखेको हो बेच्नु हुँदैन भन्दछन् ।

मोटर बाटो खन्दा पाहाडका केही मुलहरु पुरिए । आजकाल चाडपर्व र पाहुनाको स्वागतमा कोक फेन्टा र पानी किनेर खाने चलन आयो। पानीको व्यापार बढेको छ। खेती नगरेको र गाउँमा नगएको नयाँ पुस्ताले धारो, कुवा र अञ्जुलीबाट पानी खाएको देख्दा अचम्म मान्दछन् । त्यसमा बिर्को बन्द नभएको गुणस्तरको प्रमाण नभएको फोहोर भएको हुनाले खान नहुने तर्क गर्दछन् । बहुराष्ट्रिय कम्पनीको प्रभाव हाम्रा नयाँ पुस्तामा त्यति भित्रसम्म गडेको छ । नेपाललाई समृद्ध बनाउने हो भने सबै नेपालीलाई बहुराष्ट्रिय कम्पनीको प्रभावबाट मुक्त गर्न र नयाँ पुस्तामा हाम्रा स्थानीय र निःशुल्क साधन स्रोत तथा ज्ञानको हस्तान्तरण हुनु आवश्यक छ।

दैनिक लुम्बिनी
रु.जि.हु.द.न.१३/०६३/०६४
२०८३ जेठ २९, गते शुक्रबार
Friday Jun 12, 2026
न.प.जि.प्र.का.द.न.४/०४५/०४६


# तीन दशकदेखि पानी घट्टमै जीवन धान्दै श्रेष्ठ

गलकोट । बडिगाड गाउँपालिका-९ दर्लिङका तेजनारायण श्रेष्ठले पानी घट्ट चलाउन थालेको तीस वर्ष भयो। पानी घट्टमा अन्न पिस्दै तीन दशकअघि सुरु गरेको व्यवसाय अहिले पनि उस्तै छ। गाउँलाई प्रविधि र आधुनिकताले छोए पनि श्रेष्ठको पानी घट्टको काम पनि उसैगरी चलेको छ।

कुटानी-पिसानी मिलले समेत प्रतिस्थापन गर्न नसकेको घट्ट ग्रामीण क्षेत्रका लागि अन्न पिस्नका लागि सहज माध्यम बनेको छ । दैनिक जीवनयापनका लागि परम्परागत पानी घट्ट सञ्चालन गरिरहेका श्रेष्ठ पानी घट्टलाई मुख्य पेसा बनाएको बताउँछन् । श्रेष्ठले घट्टमा अन्न पिसेबापत अन्न भए एक पाथी बराबर पाँच मुठी र पैसा भए एक पाथी पिसेको रु दश लिँदै आएका छन् । "तीस वर्षअघि आफैँले स्थापना गरेको पानीघट्ट अझै चलाउँदैछु, घर खर्च र आफूलाई पुग्ने अन्न घट्टबाटै आउँछ, पहिला खरले छाएको थियो, अहिले जस्ताले छाएको छु, मकैका लागि छुट्टै र गहुँ र कोदोका लागि छुट्टै घट्ट छ।"-श्रेष्ठले भने।

उमेर ढल्किँदै गए पनि परम्परागत पेसालाई निरन्तरता दिइरहेको श्रेष्ठको भनाइ छ। आधुनिक प्रविधिको प्रयोग बढ्दै गएको वर्तमान समयमा पनि ग्रामीण भेगमा अझै पानी घट्ट जस्ता पुराना प्रविधिहरू जीवनयापनको आधार बनेको पाइन्छ।

पानीलाई पाइप वा काठको ढुङ्गोबाट खसालेर पानीको गतिले घट्टको जाँतो घुमाएर अन्न पिस्ने कार्यलाई पानी घट्टका रुपमा लिइने गरेको छ।

# कारागारलाई सुधारगृहका रूपमा रूपान्तरण गर्न आग्रह

नेपालगञ्ज । बाँकेको नौवस्तास्थित कारागारलाई सुधारगृहका रूपमा रूपान्तरण गर्न आग्रह गरिएको छ।

एड्भोकेसी फोरम नेपाल र नेपालगञ्ज उच्च बार एसोसिएसनको संयुक्त टोलीले गरेको अनुगमनपछि तयार गरिएको प्रतिवेदनले सो कुरा औँल्याएको हो।

केही दिनअघि नेपालगञ्ज उच्च बारसँगको समन्वयमा एड्भोकेसी फोरम नेपालले कारागार कार्यालय नौवस्ता, बाँकेको स्थलगत अनुगमन गरेको थियो।

प्रतिवेदनमा गत जेठ १६ कारागारभित्र कैदीबन्दीबिच भएका झडप र त्यसपछिको परिस्थितिको अध्ययन गर्नुका साथै कैदीबन्दीका गुनासा, समस्या र न्यायमा पहुँचको अवस्थाबारे जानकारी सङ्कलन गरिएको एड्भोकेसी फोरम नेपालका लुम्बिनी प्रदेश संयोजक अधिवक्ता वसन्त गौतमले जानकारी दिए।

जेठ १६ गते भएका घटनाको वस्तुस्थिति बुझ्न विभिन्न पक्षसँग तथ्य बुझी कैदीबन्दीलाई आवश्यक कानुनी परामर्श प्रदान गरिएको थियो । कारागारमा कूल ७३० पुरुष कैदीबन्दीसँगै आश्रित दुई जना बालबालिकासमेत रहेका छन् । मुद्दागत आधारमा कैदीबन्दीको विस्तृत विवरणमा जबर्जस्ती करणीमा २२४, लागुऔषधमा १८३, कर्तव्य ज्यानमा १५३, चोरीमा २७, अपहरण तथा सार्वजनिक अपराधमा २२, विविध कसुरमा १८ डाँका चोरीमा १६, विभिन्न उद्योग मुद्दामा १६, सवारी ज्यानमा ११, ज्यान मार्ने उद्योगमा सात र हातहतियार तथा खरखजानामा दुई जना रहेका छन्।

नौवस्ता कारागारमा कूल ३२ जना भारतीय नागरिक सजाय भुक्तान वा अनुसन्धानका क्रममा रहेका छन्, जसमध्ये एक जना थुनुवा अवस्थामा छन् भने ३१ जनाको मुद्दा फैसला भई सजाय भुक्तान गरिरहेका छन्।

विदेशी नागरिकका मुद्दागत विवरणअनुसार लागुऔषधमा १७, चोरी तथा डाँका चोरीमा पाँच, ज्यान मार्ने उद्योगमा तीन जबर्जस्ती करणीमा दुई, कर्तव्य ज्यानमा दुई र अन्य विविध कसुरमा एक जना रहेका छन्।

**बजेटले...**

निम्न वर्गलाई मध्यम वर्गमा उठाउने गरी बजेट ल्याएको दाबी उनले गरे । 'गरिबी घटाउने उपाय भनेको स्थायी रोजगारी हो,' वाग्लेले चीनको उदाहरण दिँदै भने-'यसको सबभन्दा सफल उदाहरण जनवादी गणतन्त्र चीन। जसले समावेशी आर्थिक वृद्धिकै जगमा २०-२५ वर्षमा ८० करोड मानिसलाई गरिबीको रेखाबाट माथि उकास्यो।'

भेनेजुयला र जिम्बाबेको नभएर चीनले जसरी गरिबी घटाउने गरी बजेट ल्याउको उनको जिकिर थियो। 'पैसा मात्रै बाढ्न थाल्यौँ भने त भेनेजुयला जस्तो भइहाल्यौँ नि। जिम्बाबेजस्तो भइहाल्यौँ नि। तीन चार वर्षमा टाँट पल्टिन्छ।'- उनले भने।

उनले पछिल्लो दुई-तीन दशकमा नेपालमा पनि गरिबी घटेको स्वीकारे । तर, त्यसमा उनले सरकारका कार्यक्रमभन्दा पनि रेमिट्यान्सलाई श्रेय दिए । 'नेपालमा पनि गरिबी घटेको छ, तर गरिबी घट्नुमा रेमिट्यान्सबाट सिर्जित अर्थतन्त्र हो, सामाजिक हस्तान्तरण होइन।'- उनले भने।

गरिबलाई सहायता दिएर नभइ आर्थिक अवसर सिर्जना गरेर गरिबी घटाउने उनको भनाइ थियो । 'गरिबलाई केबल राहत दिने होइन, उसको आम्दानी बढाउने आर्थिक अवसर सिर्जना गर्ने हो,' अर्थमन्त्री वाग्लेले भने-'हाम्रो दृष्टिकोण गरिबीको व्यवस्थापन होइन, समृद्धि सिर्जना हो। केबल सहायता होइन अवसर । वितरण होइन, उत्पादन । केबल भत्ता होइन, आम्दानी र रोजगारी हो। यो दर्शनबाट यो बजेट निर्मित छ।' उनले मजदूरको पक्षमा पनि बजेट केन्द्रित भएको बताए। व्यवस्थित श्रम बजार सिर्जना गर्ने गरी बजेट ल्याएको उनको दाबी थियो।

'राष्ट्रिय श्रम दर्ता प्रणालीको कल्पना गरिएको छ । अनिवार्य लिखित श्रम सम्झौता, न्यूनतम ज्याला कार्यान्वयन, बैंकमार्फत् पारिश्रमिकको भुक्तानी, बिमा, कार्यस्थल सुरक्षा, श्रम न्यायाधीकरण तथा सामाजिक सुरक्षा विस्तार जस्ता सुधारमार्फत् लाखौं श्रमिकलाई सुरक्षित र औपचारिक श्रम बजारमा आबद्ध गर्ने आधार तयार गरिएको छ,' अर्थमन्त्री डा. वाग्लेले भने-'यो कुनै कम्युनिस्ट पार्टीले ल्याएको कार्यक्रम होइन, यो राष्ट्रिय स्वतन्त्र पार्टीले ल्याएको कार्यक्रम हो।'

उनले श्रम मन्त्रालयलाई वैदेशिक रोजागरी व्यवस्थापन गर्ने मात्रै नभई स्वतदेशमै रोजगार सिर्जना गर्ने मन्त्रालयका रुपमा विकास गर्ने गरी बजेट ल्याएको बताए। अहिलेसम्म श्रम विषयलाई 'बायस'का रुपमा हेरिएकाले ओझेल परेको जिकिर गरे। उनले भने-'समतामूखी आर्थिक नीति ल्याएका छौँ।'

**झोले...**

उनले उद्योगीहरूलाई आवश्यक कानुन निर्माणमा सहकार्य गर्न आग्रह गर्दै आगामी बजेटमा उद्योग तथा उत्पादनमूलक क्षेत्रका लागि थप कार्यक्रम ल्याइने प्रतिबद्धता व्यक्त गरे।

प्यालनगत रुपमा भएको अन्तरक्रिया सहजीकरण गर्दै संस्थाका प्रेस सल्लाहकार प्रदीप आचार्यले यससम्बन्धी प्रश्नोत्तर गराउनुका साथै अब सरकारी निकायमा निर्माण हुने फर्निचरका सामग्री स्वदेशी प्रयोग गराउनको लागि ऐक्यबद्धता समेत व्यक्त गराएका थिए। आचार्यले घरेलु तथा साना उद्योग कार्यालयसँग दर्ता भएका उद्योगहरूको वास्तविक अवस्था, आन्तरिक राजस्व कार्यालयसँग करको दायराबाहिर रहेका व्यवसायको नियन्त्रण, स्थानीय तहसँग घरलाई कार्यशाला बनाएर सञ्चालन गरिने अवैध उत्पादन र वन कार्यालयसँग कच्चा पदार्थ आपूर्तिको समस्या सम्बन्धी प्रश्न राखिएका थिए।

घरेलु तथा साना उद्योग कार्यालयकी प्रमुख शारदा भट्टराईले उद्योगहरूको वास्तविक अवस्था पहिचान गर्ने अनुगमन र तथ्यांक अद्यावधिक गर्ने कामलाई तीव्र बनाइने बताइन् । आन्तरिक राजस्व कार्यालयका कर अधिकृत चिरञ्जिवी बश्याललले बिना दर्ता सञ्चालन हुने व्यवसायबाट राज्यले राजस्व गुमाइरहेको स्वीकार गर्दै त्यस्ता गतिविधिलाई करको दायरामा ल्याउन निगरानी र समन्वय बढाइने बताए।

डिभिजन वन कार्यालयका प्रमुख प्रविण बिडारीले उद्योगीले उठाएको कच्चा पदार्थको समस्या जायज रहेको स्वीकार गर्दै वनमा उपलब्ध काठ र उद्योगको मागबिच समन्वय सुधार गर्नुपर्ने आवश्यकता औंल्याए । वनमा काठ थन्किने, तर उद्योगले सहज रूपमा काठ प्राप्त गर्न नसक्ने अवस्थालाई सुधार गर्न प्रक्रियागत सहजीकरण आवश्यक रहेको उनको भनाइ थियो।

"स्थानीय उद्योगलाई संरक्षण गर्ने विषयमा बुटवल गम्भीर छ," उनले भने-"राजस्व परामर्श समितिमा सहभागी भएर उद्योगीहरूले आफ्ना सुझाव दिनुपर्छ । दर्ता हुने उद्योगको संख्या बढाउने र कर प्रणालीलाई व्यवस्थित बनाउने विषयमा सहकार्य आवश्यक छ।"

आन्तरिक राजस्व कार्यालयका कर अधिकृत चिरञ्जिवी बश्याललले कर र राजस्व सबैले तिरेमा मात्रै विकासको बजेट आउने बताउँदै करबाट बाहिर रहेका अन्य कामदारहरुलाई करको दायरमा ल्याउने पहल गर्ने बताए।

बुटवल उप-महानगरपालिकाका उद्योग शाखा प्रमुख गुणाखर खनालले अहिले १० लाख रुपैयाँसम्मका पुँजीलाई पालिकामा दर्ता गर्न मिल्ने बताउँदै घरेलु कार्यालयको मापदण्डमै दर्ता गरिरहेको बताए । तिलोत्तमा नगरपालिका उद्योग शाखा प्रमुख मुक्तिराम खनालले नयाँ व्यवसायी दर्ताको लागि फर्निचर उद्योग संघ संग समन्वय गरिने जनाए।

रुपन्देही उद्योग संघका अध्यक्ष कृष्ण पराजुलीले पनि स्वदेशी उत्पादनको प्रयोग बढाउन सबै सरकारी तथा सार्वजनिक निकायले अग्रसर हुनुपर्ने बताए । नेपाली उत्पादनलाई प्राथमिकता नदिई उद्योग संरक्षण सम्भव नहुने उनको धारणा थियो।

महासचिव खिम खड्काको सञ्चालनमा भएको कायक्रममा बोल्दै संघका पूर्व अध्यक्ष एवं सल्लाकार माधव पौडेलले फर्निचर व्यवसायीले काठ नपाइएको गुनासो गर्दै झोले व्यवसायीको कारणले धेरै उद्योगी मर्कामा परेको बताए। कार्यक्रम संयोजक नेत्र रुचालले कार्यक्रमले व्यवसायीहरुमा उत्साह थपेको बताउँदै संघले उद्योगीमैत्री कार्यक्रमहरु निरन्तर रुपमा गदै जाने बताए।

# ३८ जलविद्युत् आयोजनाको अनुमति रद्द हुँदै

बुटवल । विद्युत् खरिद सम्झौता (पीपीए) गरी लामो समयसम्म शून्य प्रगतिमा रहेका १ हजार ३८८ मेगावाट क्षमताका ३८ वटा जलविद्युत् आयोजनाको अनुमति रद्द गर्न सिफारिस गरिएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले गठन गरेको उच्चस्तरीय समितिले अनुमतिपत्र रद्द गर्नुपर्ने राय दिएको हो।

ऊर्जा मन्त्रालयका सहसचिव मोहन शाक्यको संयोजकत्वमा अनुमति पत्र अध्ययनका लागि ५ सदस्यीय समिति गठन गरेको थियो। उक्त समितिले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराज भक्त श्रेष्ठलाई प्रतिवेदन पेश गरेको हो।

सरकारको १०० बुँदे शासकीय सुधार कार्य योजनाको ७४ (ख) बमोजिम विद्युत् विकास विभागबाट जारी भएका अनुमतिपत्रहरूको वर्तमान अवस्थाबारे समीक्षा गर्न समिति गठन गरेको थियो।

समितिले उत्पादन अनुमति प्राप्त गरेको पाँच वर्षको अवधिमा समग्र प्रगति ५० प्रतिशतभन्दा माथि रहेका २२० मेगावाट क्षमताका १५ वटा आयोजनालाई प्राथमिकताको सूचीमा राखेको छ। त्यस्तै पाँच वर्षको अवधिमा ५० प्रतिशत नजिक प्रगति गरेका ५ हजार ६४२ मेगावाट क्षमताका १३१ वटा आयोजनालाई प्रोत्साहन गर्नुपर्ने सूचीमा राखेको छ।

काम गरिहेका तर विभिन्न कारण लक्ष्यअनुसार काम गर्न नसकेका मिश्रित अवस्थाका १ हजार १ सय २४ मेगावाट क्षमताका ३८ वटा आयोजनालाई छिटो आयोजना सम्पन्न गराउन सहजीकरण गर्नुपर्ने सूचीमा राखेको छ।

सोही अवधिमा प्रगति अत्यन्तै कमजोर रहेका ४ हजार १२१ मेगावाट क्षमताका ७५ वटा आयोजनालाई समस्याग्रस्त आयोजनाका सूचीमा राख्दै कारबाहीको प्रक्रिया लैजान सिफारिस गरेको छ। आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यमा पीपीए भएका तर निर्माण सुरु नगरेका आयोजनाको अनुमति पत्र रद्द हुने उल्लेख छ। जसअनुसार अनुमति लिएर लामो समयसम्म काम नगर्ने आयोजनामाथि कारबाही गर्न बाटो खुलेको छ।

२०७६ सालभन्दा अघि उत्पादन अनुमति लिएका तर हालसम्म कुनै प्रगति नभएका १६९ मेगावाट क्षमताका ११ वटा आयोजनालाई पनि विद्युत् विकास विभागले खारेजीमा लैजान सिफारिस गरेको अध्ययन समितिको प्रतिवेदनमा उल्लेख छ।

ती आयोजनाले उत्पादन अनुमतिपत्र प्राप्त गर्दाको शर्त पालना नगरेको तथा विद्युत् नियमावली २०५० को नियम २१ बमोजिम कार्य नभएकाले विद्युत् ऐन, २०४९ को दफा ८ बमोजिम खारेजी प्रक्रिया अगाडि बढाउन सिफारिस गरेको छ।'लाइसेन्स राजको अन्त्य' गर्दै राष्ट्रिय लक्ष्य प्राप्त गर्न प्राथमिकताका आधारमा प्रतिस्पर्धात्मक तरिकाले सर्वेक्षण अनुमतिपत्र जारी गर्न समेत समितिले सिफारिस गरेको छ।

प्रतिवेदनले अनुमतिपत्र वितरण प्रणालीलाई थप पारदर्शी, प्रतिस्पर्धात्मक तथा राष्ट्रहित अनुकूल बनाउन विभिन्न नीतिगत सुधारका सुझाव दिएको छ।

समितिले विद्युत् ऐन २०४९, विद्युत् नियमावली २०५०, जलविद्युत् विकास नीति २०५८ तथा अनुमतिपत्रसम्बन्धी निर्देशिकामा रहेका बाझिने र द्विविधा पूर्ण प्रावधानहरूको पुनरावलोकन गरी आवश्यक कानुनी संशोधनमार्फत् एकरूपता कायम गर्नुपर्ने औंल्याएको छ।

यस्तै, विद्युत् आयोजनाको अनुमतिपत्र तथा लगानी स्वीकृतिसम्बन्धी विषयमा लगानी बोर्ड, उद्योग मन्त्रालय र ऊर्जा मन्त्रालयबीच कार्यक्षेत्रको दोहोरोपन हटाई स्पष्ट जिम्मेवारी निर्धारण गर्नुपर्ने सुझाव दिइएको छ। अनुमतिपत्र संशोधन, आयोजना बैंकको व्यवस्थापन तथा अनुमतिपत्र बिक्री वा हस्तान्तरणजस्ता महत्वपूर्ण विषयलाई निर्देशिकाभन्दा माथिल्लो कानुनी तहमा समेटी नियमावलीमै व्यवस्था गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै सर्वेक्षण अनुमतिपत्रको पाँच वर्षको अवधिमा आयोजनाको प्रवर्द्धक कम्पनीको सेयर संरचना उत्पादन अनुमति प्राप्त गरेपछि मात्रै परिवर्तन गर्न पाउने व्यवस्था गर्न सुझाव दिएको छ।

जसले वास्तविक लगानीकर्तालाई प्रोत्साहन गर्नेछ। समितिले ऊर्जा क्षेत्रको एकीकृत विकासका निम्ति ५ वर्षे विद्युत् विकास योजना तर्जुमा गरी तदनुसार खपत, निर्यात, प्रसारण, वितरण र उत्पादनका योजना निर्माण बनाउन सुझाव दिएको छ।

समितिले उत्पादन अनुमतिपत्रको अवधि समाप्तिपछि आयोजनाको स्वामित्व हस्तान्तरण, सञ्चालन व्यवस्थापन तथा राजस्व प्राप्तिको प्रक्रियाबारे विद्यमान अस्पष्टता हटाई राष्ट्रिय हित अनुकूल कानुनी व्यवस्था गर्नुपर्ने आवश्यकता पनि औंल्याएको छ। समितिले बजेटमा उल्लेख भएअनुसार १० मेगावाटभन्दा कम क्षमताका तत्काल पीपीए गर्नुपर्ने १७६ वटा आयोजनाको पहिचान गरेको छ। त्यस्ता आयोजनाको कुल क्षमता १ हजार १६४ मेगावाट रहेको छ।


## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
सानोठिमी, भक्तपुरको

**श्री पब्लिक कलेज अफ टेक्निकल एजुकेशन, बुटवल-०८, रुपन्देहीको नाम तथा ठेगाना परिवर्तन संम्बन्धमा ३५ दिनेहकदावी उजुरी सम्बन्धी अत्यन्त जरुरी सूचना।**

प्रकाशित मिति २०८३/०२/२९

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट छोटो अवधिक तालिम क्रमशः Building Electrician-390hrs, Industrial Electrician -390hrs, Electrical Appliances Repairer-460hrs, Electric Motor Rewinder-390hrs, Assistant Welder-480hrs र Mobile Phone Repairer–390hrs सम्बन्धन/स्वीकृति प्राप्त संस्था श्री पब्लिक कलेज अफ टेक्निकल एजुकेशन प्रा.लि., बुटवल-०८, रुपन्देहीले संस्थाको नाम परिवर्तन गरी श्री पब्लिक टेक्निकल कलेज र ठाउँ परिवर्तन (ठाउँसारी) गरी बुटवल उप-म. न. पा- ०४, रुपन्देही कायम गराई पाउँ भनी पेश गरेको निवेदन उपर कारवाही हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२/०३/१७ गते बसेको २०९ औ बैठकको निर्णय नम्बर ११७१ बमोजिम गठित कार्यटोली बैठकको मिति २०८२/१२/३० गतेको निर्णयानुसार नाम तथा ठेगाना (ठाउँसारी) परिवर्तन प्रकृया अगाडि बढाउने निर्णय भएकोले उल्लेखित संस्था र सम्बन्धन/स्वीकृत उल्लेखित छोटो अवधिका तालीम प्रति कोहि कसैको हकदाबी बिरोध गुनासो आदि भए यो सूचना प्रकशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण सहित लिखित जानकारी गराउनुहुन अनुरोध छ। उल्लेखित समयसिमा भित्र कसैको उजुरी नपरेमा नाम तथा ठेगाना परिवर्तन (ठाउँसारी) प्रकृया अगाडि बढ्ने र म्याद नाघी आएका दावी विरोध उजुरी उपर कुनैकारवाही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीकालागि यो सूचना प्रकाशित गरिएको छ।

सम्पर्कका लागि
**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
सानोठिमी भक्तपुर, फोन नं. ०१-६६३०४०८ इमेलःctevtaccreditation061@gmail.com



## घर/जग्गा सो मा भएको अन्य संरचना र लिगलागपात समेत बोलपत्रबाट बिक्री गर्ने सम्बन्धी सूचना

**प्रकाशित मिति २०८३।०२।२९**

यस कपिलवस्तु बचत तथा ऋण सहकारी संस्था लिमिटेडको नाममा रहेको तपसिल अनुसारको घर/जग्गा बोलपत्र मार्फत बिक्री गर्ने निर्णय भए अनुसार बोलपत्र अवहान गरिएको छ। ईच्छुक व्यक्ति, संस्था, फर्मले यस संस्थाको कार्यालयमा सुचना प्रकासन भएको मितिले १४ दिन भित्र बोलपत्र खरीद गरी मितिः २०८३।०३।११ गते ५ बजे भित्र यस संस्थाको कार्यालयमा पेश गरि सक्नु पर्ने यसै सुचना द्धारा जानकारी गराईन्छ।

१) सम्पत्तिको विवरणः

| दर्तावाला | ठेगाना र कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| कपिलवस्तु बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कबनपा १ | मालपारा ४ ख कित्ता नं. ५३<br>मालपारा ४ ख कित्ता नं. ७६<br>(हाल कपिलवस्तु नगरपालिका वडा नं.३ भिक्छु चौक देखि २०० मिटर उत्तर पूर्व मेन रोडमा) | ०-०-१०<br>०-०-२ | एक तल्ले पुरानो घर समेत |

२) न्यूनतम मूल्यः ३७,०७,४५६।- (अक्षरेपीः सैंतीस लाख सात हजार चार सय छपन्न रुपैयाँ मात्र)
३) बोलपत्र खोल्ने
मितिः २०८३।०३।१२ गते शुक्रवार
समयः बिहान ११.०० बजे
स्थानः कपिलवस्तु बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सभा हलमा, कपिलवस्तु नगरपालिका वडा नं. १ मालटोल (कृषि विकास बैंक रोड)
४) बोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गए पनि बोलपत्र खोल्न बाधा गर्ने छैन।
५) बोलपत्र खोल्दा बोलपत्रवाला नआउँदा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
६) बोलपत्र स्वीकृत भए पश्चात सोहि दिन बोलपत्र स्वीकृत रकमको १०% ले हुने रकम बुझाउनु पर्ने छ।
७) बोलपत्र पाईने स्थान कपिलवस्तु बचत तथा ऋण सहकारी संस्था लिमिटेड कृषि विकास बैंक रोड तौलिहवा, कपिलवस्तु
८) अन्य जानकारीको लागी सम्पर्क नं. ९८०७५३३३१९ र ९८६६७१५३५३



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, संघीय मामिला
तथा सामान्य प्रशासन मन्त्रालय भूमि
व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय ,तौलिहवा, कपिलवस्तु

**हकवालाका नाउँमा ३५ दिने सार्वजनिक सूचना।**

उपरोक्त विषयमा जिल्ला क.व शुद्धोधन गा.पा. वडा नं. ६ मौजा विमिहाँ बस्ने मोहरत कुर्मीको मिति २०६४।१०।१० गते र निजको एक मात्र पत्नि बुधनी कुर्मीको मिति २०३३ साल अगावै मृत्यु भएको। मृतकहरु जीवित छंदा सेवा सम्भार, पालन पोषण, औषधी उपचार र मृत्यु पश्चात सामाजिक परम्परा अनुसार काजक्रिया समेत मृतकहरुको एक मात्र छोरा सुग्रीम कुर्मीले गरेको र छोरीको जाय जन्म नभएको हुँदा मृतक ज.ध. मोहरत कुर्मीको नाउँमा दर्ता रहेको तपसिल बमोजिमका जग्गा श्रेष्ता कायम गरी एकलौटी नामसारी गरी पाउँ भनी जिल्ला क.व. शुद्धोधन गा.पा. वडा नं. ६ मौजा विमिहाँ बस्ने सुग्रीम कुर्मीको मिति २०८३/०१/३१ मा निवेदन माग भई आएकोमा मृतक मीहरत कुर्मीको हकवालाका नाउँमा ३५ दिने सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित कित्ताहरु निज मृतकको नाममा हो होइन वा उक्त कित्ताहरुमा कसैको हकदैया पर्ने भएमा वा निजको माग बमोजिम श्रेस्ता कायम नामसारी हुनु नपर्ने भएमा यो सूचना टाँस मितिले पैतिस दिनभित्र स-प्रमाण समेत लिई यस कार्यालयमा उजुरी गर्नुहोला। सूचना टाँस भएको म्यादभित्र उजुर नगरेमा निम्न लिखित कित्ता नम्बरको जग्गाको श्रेस्ता कायम भई निवेदकका नाउँमा एकलौटी नामसारी भई जानेछ। पछि कसैको कुनै उजुर नलाग्ने व्यहोरा समेत जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

तपसिल

| गा.वि.स. | वार्ड नं. | कित्ता नं. | क्षेत्रफल | दर्तावालाको नाम, थर | कैफियत |
|---|---|---|---|---|---|
| बासखोर | ५ क | २३३ | ०-३-१४-० | ज.ध. - मोहरत कुर्मी<br>वुवा - भगौती कुर्मी<br>बाजे -<br>ठेगानाः- जिल्ला कपिलवस्तु सा. गा.वि.स. पकडी वडा नं. ७, हाल शुद्धोधन गा.पा. वडा नं. ६ मौजा विमिहाँ | श्रेष्ता जीर्ण रहेको मोठ नभिडेको |
| बासखोर | ६ क | १००९ | ०-०-१३-० | | |

पुनश्चः- उपरोक्त अनुसार नामसारी गरिदिनु भनी शुद्धोधन गा.पा.-६ नं. वडा कार्यालयको च.नं. १९५१ मिति २०८३।०१।२५ गते सिफारिस भई आएको।



**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**स्ट्रबेरी खेती गोडमेलः**
दाङको घोराही उप-महानगरपालिका-१४ रतनपुरस्थित एग्रोमार्ट फार्ममा व्यावसायिक रूपमा गरिएको स्ट्रबेरी खेतीमा झार गोडमेल गर्दै कामदार। तस्विरः रासस

# बसाईसराइ नै रोकेको छ तेजपातले



**कृष्ण पोखरेल**
*पाल्पा*

जंगल, खेतबारी, खरबारीदेखि भिरपाखा कान्ला जताततै दालचिनीका रुख बिरुवा मात्र देखिन्छ। पाल्पाको रैनादेवी छहरा गाउँपालिका वडा नं. ८, सत्यवतीस्थित खुर्सानी गाउँको पहिचाननै दलाचिनी र तेजपात बनेको छ। दालचिनी र तेजपातको आम्दानीको कारण गाउँमा हुने बसाईसराइ रोकिएको छ । परम्परादेखि दालचिनी र तेजपातको खेतीले रैनादेवी छहरा गाउँपालिका वडा नं. ८ सत्यवती खुर्सानीको गाउँ सम्पन्न हुँदै गएको छ। सत्यवती खुर्सानी गाउँका खेतबारी, खरबारी, डाँडाकाँडा र कान्लाहरूमा जताततै दालचिनी र तेजपातका हरिया रुखहरूले भरिएका देखिन्छन् । तेजपात र दालचिनीको आम्दानीबाटै गाउँबाट शहर तथा तराईमा हुने बसाइँसराइ पूर्णरूपमा रोकिएको हो । पाल्पा खुर्सानीका जनताले दालचिनीबाट मात्र न्यूनतम ५० हजारदेखि ५ लाख रुपैयाँसम्म आम्दानी गर्दै आएका छन् ।

पाल्पाका धेरै ठाउँमा रोजगार र शिक्षाको नाममा गाउँ नै खाली हुने गरी बसाइँसराइ भइरहेको छ । खुर्सानीका जनताको भने बाँझो खेतबारी, भिर कान्ला जताततै पैसा फलिरहेको छ । आफ्नै पाखा, पखेरा बारीमा दालचिनी खेतीपाती गरेर खुर्सानीका जनताले लाखौ रुपैयाँ कमाएका छन् । दालचिनी तेजपात खेतीकै कारण गाउँबाट बसाइँसराइ ठप्प भएको छ । अन्य व्यापार छैन, जागिर छैन, बाँझिएका खेतबारी, भिरपाखा कान्लाबाटै दालचिनी लगाएर वार्षिक रुपमा दुई लाख ५० हजार रुपैयाँसम्म आम्दानी गर्दै आएको स्थानीय रामबहादुर रेश्मी मगरले बताए ।

प्राकृतिक रुपमै उत्पादन, वन्य जन्तुले पनि नोक्सान नगर्ने, धेरै मिहिनेत पनि गर्न नपर्ने, धेरै लगानी पनि लगाउन नपर्ने भएकोले पाल्पा सत्यवती खुर्सानीका जनताको मुख्य पेशा नै दालचिनी र तेजपात भएको छ। आफ्नो बुढेसकालको सहारा , आम्दानी, पेन्सन जे भने पनि दालचिनी तेजपात खेती हो, लामो सयमदेखि यो गाउँका कोही पनि गाउँबाट बसाईसराइ नगरेको सत्यवती खुर्सानीका खिमबहादुर गाहाले बताए।

पाल्पाको सत्यवती खुर्सानी क्षेत्रमा उत्पादन भएको दालचिनी र तेजपातको माग बजारमा राम्रो छ । व्यापारीहरु दालचिनी खरिद गर्न गाउँ-गाउँमै पुग्ने गरेका छन् भने केही व्यापारीहले नाकामै संकलन केन्द्र खोली दालचिनी तेजपात खरिद गर्दै आएका छन् । व्यापारीहरुले संकलन गरेको दालचिनी र तेजपात सुनौली नाका हुँदै भारतमा निकासी हुँदै आएको छ। व्यापारीहरू कृषककै घरदैलोमा पुगेर दालचिनीको बोक्राको १ सय १७ र पातको ७० रुपैया केजीमा खरिद गर्दै आएको व्यापारी लेखनाथ घिमिरे बताउँछन् ।

पाल्पाको रैनादेवी छहरा गाउँपालिकाको वडा नं. ६, ७ र ८, तिनाउ गाउँपालिकाको वडा नं. २, ३, ४, र ५ मा दालचिनी र तेजपातको परम्परागत रुपमै खेतीपाती हुँदै आएको छ। परम्परागत रुपमा खेतीपाती गर्दै खुर्सानीवासीसँग डिभिजन वन कार्यालय पाल्पाले छलफल गरी आइपरेका समस्याको बारेमा जानकारी लिएको छ। कृषकहरुले व्यवस्थित बजार व्यवस्थापन, समय सुहाउँदो मूल्य निर्धारणको लागि माग गरेको, कृषकको मागलाई कार्यालयले सहजीकरण गर्ने डिभिजन वन कार्यालय पाल्पाका वरिष्ट वन अधिकृत खिलबहादुर तामाङले बताए । पाल्पाबाट वार्षिक रुपमा १५ लाख केजी दालचिनी र तेजपातको कारोबार हुँदै आएको डिभिजन वन कार्यालयले जनाएको छ।

सत्यवतीको खुर्सानी गाउँ दालचिनी तेजपातको लागि पाल्पाकै नमूना गाउँ बनेको छ। जताततै हरियाली बनाउने, वातावरणमैत्री दालचिनी तेजपात खेतीले पाल्पाका धेरै कृषकको जीवनस्तर उकासेको छ । आगामी दिनमा दालचिनी खेतीलाई अझ व्यवसायिक बनाउन, व्यक्तिगतदेखि सामुदायिक वनमा दालचिनीको बिरुवा रोपणदेखि स्थानीयस्तरमै प्रशोधन केन्द्र स्थापना गर्नुपर्ने जरुरी देखिन्छ । खुर्सानी गाउँको यो सफलताले आर्थिक समृद्धिका लागि गाउँ छोड्नु पर्दैन भन्ने राम्रो उदाहरण बनेको छ।

# न्यू होराइजनमा विद्यार्थीलाई स्वागत र अभिमुखीकरण



बुटवल । न्यू होराइजन अंग्रेजी आवासीय मावि बुटवलमा कक्षा ११ मा भर्ना भएका नयाँ विद्यार्थीलाई स्वागत र अभिमुखीकरण गरिएको छ। विद्यालयले विज्ञान र व्यवस्थापन संकायमा भर्ना भएका ६ सय बढी विद्यार्थीलाई बिहीबार छुट्टाछुट्टै स्वागत र अभिमुखीकरण गरेको हो ।

दुबै संकायका विद्यार्थीहरुलाई कालीगण्डकी ज्ञान विज्ञान संस्था स्याङ्जाका प्रमुख आचार्य चैतन्य कृष्ण प्रभुले शिक्षासँगै संस्कार र संस्कारसँगै आविष्कार शिर्षकमा प्रशिक्षण दिएका थिए ।

उनले पढाईमा अब्बल बन्न विद्यार्थीहरु अनुशासित, लगनशीलसँगै आध्यात्मिक र नैतिकवान हुनुपर्नेमा जोड दिए। विद्यार्थीको दैनिक जीवनशैली र खानपानले पढाईमा ठूलो प्रभाव पार्ने भएकाले स्मार्ट स्टडी स्कील, अध्ययन आचारसंहितासहित स्वस्थ जीवनशैली र सात्विक खानपानलाई अंगाल्न उनले अनुरोध गरे ।

कार्यक्रममा विद्यालयका अध्यक्ष ज्ञानेन्द्र कसजूले विद्यार्थीलाई पाठ्यक्रमको ज्ञानसंगै उनीहरुको सर्वाङ्गीण विकास गर्न अभिमुखीकरण र अतिरिक्त क्रियाकलापमा सहभागी गराउँदै आएको बताए । उनले विद्यार्थी र शिक्षकलाई कालीगण्डकी ज्ञान विज्ञान संस्थासँग अझ नजिकको सम्बन्ध बनाउन विद्यालयले उक्त संस्थाको आजीवन सदस्यता लिने घोषणा गरे ।

प्राचार्य बासुदेव अर्यालले गुणस्तरीय र संस्कारयुक्त शिक्षा दिन संस्था प्रतिबद्ध रहेको बताए।

निवर्तमान प्राचार्य लोकनाथ उपाध्यायले ३७ वर्ष लामो र गौरवपूर्ण इतिहास बोकेको देशकै प्रतिष्ठित शैक्षिक संस्था न्यू होराइजन छनोट गर्नु विद्यार्थी र अभिभावक शिक्षाप्रति सचेत रेहेको पुष्टी भएको जनाए।

उप-प्राचार्य राजीव श्रेष्ठले विषयगत शिक्षकहरुको परिचय गराउँदै संस्थामा आधुनिक प्रविधिमैत्री, अनुभवी, योग्य र दक्ष शैक्षिक जनशक्ति रहेकाले विद्यार्थीको उत्कृष्ट नतिजा आउने प्रतिबद्धता जनाए।

कार्यक्रममा व्यवस्थापन संकायका संयोजक प्रकाश खनाल, सह-संयोजक निषेधजंग कार्की र विज्ञान संकायका संयोजक प्रकाश पन्त तथा सहसंयोजक मनोज सिलवालले विद्यालयमा उपलब्ध शैक्षिक सुविधाबारे विद्यार्थीलाई जानकारी गराएका थिए।

विद्यालयमा सुविधासम्पन्न होस्टेल, विज्ञान प्रयोगशाला, विद्यार्थीको स्वास्थ्य चेकजाँच, राष्ट्रियस्तरका १७ विधाका खेल प्रशिक्षक, वित्तीय साक्षरता, उद्योग, होटल अवलोकन तथा पर्यटकीय स्थल भ्रमण, रिपोर्ट लेखन, सामाजिक उत्तरदायित्वअन्तर्गत मानवीय सेवाका कार्यक्रमहरु गरिने जानकारी गराइएको थियो । यस्तै शिक्षक मिलन रानाले विद्यार्थीले पालना गर्नुपर्ने आचार संहिता र नियम बारे जानकारी गराएका थिए।

कार्यक्रममा उप-प्राचार्य राजेश पाण्डेले स्वागत गरेका थिए । कार्यक्रममा विद्यालय सञ्चालक समितिका उपाध्यक्ष निर्मलप्रसाद लाकौल, कोषाध्यक्ष रामेश्वर श्रेष्ठ, निवर्तमान उपप्राचार्य बालकृष्ण भण्डारीलगायतले विद्यार्थीहरुलाई स्वागत गरेका थिए।

# रूपन्देही व्यापार संघ आजीवन परिषद् संयोजकमा भण्डारी




बुटवल । रुपन्देही व्यापार संघ आजीवन परिषद्को संयोजकमा ऋषिबहादुर भण्डारी चयन भएका छन् । बिहीबार संघको सचिवालयमा सम्पन्न संघमा आबद्ध आजीवन सदस्यहरुको भेलाबाट भण्डारी संयोजक पदमा चयन भएका हुन् ।

यस्तै भेलाबाट आजीवन परिषद्को सह-संयोजकमा झविन्द्र अधिकारी, सदस्यहरुमा टंकप्रसाद तिवारी, यमकान्त गैरे र लोकनाथ पाण्डे रहेका छन् ।

भेलामा आजीवन परिषद् संयोजक ऋषिबहादुर भण्डारीले आफ्नो कार्यकालमा संघलाई थप मजबुद बनाउन भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरेका छन् । रुपन्देही व्यापार संघको विधान बमोजिम संस्थागत विकास र व्यवसायीहरुलाई थप गति दिन आजीवन परिषद् समिति गठन गर्ने व्यवस्था रहेको छ । कार्यक्रमकै अवसरमा संघका अध्यक्ष प्रकाश ढकालले संघले हालसम्म गरेका गतिविधिहरु जानकारी गराउँदै संघले आगामी दिनमा गर्न सकिने कार्यक्रमहरुका सन्र्दभमा आजीवन सदस्यहरुको राय सुझाव संकलन गरिएको बताए ।

कार्यक्रममा संघका पूर्व अध्यक्ष एवं लुम्बिनी प्रदेश चेम्बर अफ कमर्सका अध्यक्ष टंकप्रसाद पोखरेलले संस्थाको स्थापना कालदेखि नै संघको स्तरवृद्धिमा आजिवन सदस्यहरुको महत्वपूर्ण भूमिका रहेको स्मरण गर्दै आगामी दिनहरुमा पनि निरन्तर रहने कुरामा विश्वास व्यक्त गरे ।

यस्तै संघका पूर्व अध्यक्ष यमलाल लोहनीले संस्थालाई आजीवन सदस्यहरुको निरन्तर सल्लाह सुझावको अपेक्षा गर्दै संस्थाको सुदृढ विकासमा सदैव भूमिका रहने कुरामा जोड दिए । संघको विधानको व्यवस्था बमोजिम १५१ जना आजीवन सदस्य रहने प्रावधान बमोजिम हाल १२५ जना आजीवन सदस्य रहेका छन् । कार्यक्रममा संघका आजीवन सदस्य होमराज बस्याल, प्रदिपप्रसाद पन्त, लोकनाथ पाण्डे, झविन्द्र अधिकारी, चन्द्रमणि अधिकारी, ऋषिबहादुर भण्डारी, टंकप्रसाद तिवारी, शंकर ज्ञवाली, केशव ज्ञवाली, नामदेव पाण्डे, यमकान्त गैरे, वजिर शाह, ओमलाल पोखरेल, अर्जुन भट्टराई, जयलाल न्यौपाने, धर्मदत्त ज्ञवाली, वृन्दा भट्टराई आचार्य, जीवनारायण घिमिरे, फर्सुराम पन्त, केदारनाथ नेपाल, शोभाकुमारी जोशी, इशु देवकोटा, टेकराज पन्थी, गोविन्द चापागाईं, प्रेमनाथ पाण्डे, मनिराम खनाल, माधव ज्ञवाली, विजय ज्ञवालीलगायतले बोल्दै रुपन्देही क्षेत्रको व्यापार व्यवसायीको संरक्षण र नीतिगत सुधारका लागि कार्यसमितिलाई आवश्यक सुल्लाह र सुझाव दिदैं संघले शिक्षा र स्वास्थ्यसँगै पर्यटनको क्षेत्रमा पनि ध्यान दिनुपर्ने कुरामा जोड दिएका थिए।

कार्यक्रम संघका अध्यक्ष प्रकाश ढकालको अध्यक्षता, वरिष्ठ उपाध्यक्ष दयानिधि भण्डारीको स्वागत तथा महासचिव प्रकाशराज पौडेलको सञ्चालनमा सम्पन्न भएको थियो ।

## रामग्राममा प्लाष्टिकजन्य फोहर टिप्ने प्रतियोगिताः

# ३० मिनेटमा करिब तीन क्वीन्टल प्याष्टिकजन्य फोहर संकलन

परासी । पश्चिम नवलपरासीको रामग्राम नगरपालिकामा प्लाष्टिकजन्य फोहर टिप्ने प्रतियोगिता सम्पन्न भएको छ । कार्यक्रममा करिव तीन क्वीन्टल प्याष्टिकजन्य बस्तु संकलन गरिएको हो । बुद्धचोक परासीमा आयोजित कार्यक्रममा आधा घण्टाको समयमा २ क्वीन्टल ९३ किलो ९३० ग्राम फोहर प्याष्टिक संकलन गरिएको हो।

प्रतियोगितामा ७ वटा विभिन्न समूहका ४९ जनाले बुद्धचोक आसपासबाट फोहर प्लाष्टिक संकलन गरेका हुन् । प्रतियोगितामा बियर फुट तेक्वान्डो समूहले ६९ किलो ६०० ग्राम प्लाष्टिकजन्य फोहर टिपेर प्रथम भएको छ। यस्तै इन्डिगो पेन्टस् समूहले ४८ किलो ३८० ग्राम फोहर प्लाष्टिक टिपेर द्वितीय भएको छ। त्यसैगरी नेपाल कमिर्सियल आर्टिष्ट संघ नवलपरासी समुहले ४५ किलो ८०० ग्राम प्लाष्टिकजन्य फोहर टिपेर तृतीय स्थान प्राप्त गरेको हो।

कार्यक्रममा परासी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, रामग्राम नगरपालिकाको सरसफाइ कर्मीहरु, रामग्राम जेसीज वर्ष २०२६ र परासी टेक्वान्डो डोजाङ्ग समूहको सहभागिता रहेको थियो।

प्रतियोगितामा सफल हुने समूह र सहभागी हुने समूहहरुलाई नगद र कपडाको झोलाले पुरस्कृत गरिएको छ। सफल हुने तीनवटा समूहलाई बर्दघाट खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले २१ वटा कपडाको झोला प्रदान गरेको हो।

त्यसअघि खानेपानी तथा सरसफाइ कार्यालय नवलपरासीका प्रमुख दिनेशप्रसाद शाहको अध्यक्षता र रामग्राम नगरपालिकाकी नगरउपप्रमुख संझना चौधरीको प्रमुख आतिथ्यमा कार्यक्रम गरिएको हो।

खानेपानी तथा सरसफाइ कार्यालय र परासी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको आयोजना र डिभिजन वन कार्यालय नवलपरासी, रामग्राम नगरपालिका परासी, स्वास्थ्य कार्यालय परासी र लुम्बिनी एग्रो इन्भारोमेन्ट ल्याव प्रा.लि.को सहकार्यमा कार्यक्रम सञ्चालन गरिएको खानेपानी उपभोक्ता संस्था परासीका अध्यक्ष दिनेश उपाध्यायले बताए।

राष्ट्रिय सरसफाइ सप्ताह २०८३ को अवसरमा आयोजना गरिएको कार्यक्रमको संयोजन तथा व्यवस्थापन सामुदायिक रेडियो परासी ९०.२ मेगाहर्जले गरेको संस्थाका अध्यक्ष राजकुमार रेश्मीले जानकारी दिए। सामुदायिक रेडियो परासीले सरसफाइ सप्ताहको कार्यक्रमलाई समेटेर आगामी असार १५ गते "खानेपानी र सरफाइमा हाम्रो प्रतिबद्धता" नामक बुलेटिन प्रकाशन गर्ने तयारी थालेको छ।

# चार पालिकामा ३० हजारलाई दादुराविरुद्धको खोप



गलकोट । बागलुङ जिल्लाका चार पालिकामा ३० हजार बालबालिका तथा किशोरकिशोरीलाई निःशुल्क दादुराविरुद्धका खोप प्रदान गरिने भएको छ।

गलकोट, बडिगाड, तमानखोला र निसीखोला गाउँपालिकाका बासिन्दाहरुलाई दादुराविरुद्धको खोप अभियान सञ्चालन गर्न लागेको खोप सुपरभाइजर राजु खत्रीले जानकारी दिए।

आगामी असार १ गतेबाट ७ गतेसम्म पालिकाका सबै खोप केन्द्रबाट छ महिनादेखि १९ वर्षसम्मका बालबालिका तथा किशोरकिशोरीलाई उक्त खोप निःशुल्क प्रदान गरिने प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङले जनाएको छ।

उनका अनुसार दादुरा अत्यन्त सङ्क्रामक भाइरल रोग भएकाले यसको सङ्क्रमण फैलिन नदिन लक्षित क्षेत्रका सबै बालबालिकालाई अनिवार्य रूपमा खोप लगाउन जनस्वास्थ्य कार्यालयले आग्रह गरेको हो।

ज्वरो, रुघाखोकी वा शरीरमा रातो बिमिरा देखिएमा तत्काल स्वास्थ्य संस्थामा सम्पर्क गर्न, नियमित हात धुन, खोक्दा वा हाछ्युँ गर्दा मुख छोप्न तथा सरसफाइमा विशेष ध्यान दिन अनुरोध गरिएको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com